# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बसन्तपुर, चितवन

सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३)

र

नियमावलीको नियम ३ बमोजिम

सार्वजनिक गरिएको विवरण

*अफिसियल वेबसाईट :- www.madimunchitwan.gov.np*
*अफिसियल इमेल : dms.maddimunchitwan@gmail.com*
*अफिसियल फेसबुक :- हेल्लो माडी नगरपालिका*
*फोन नम्बर :- 056501041 / 056501021*

# सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१) सूचना सार्वजनिक गर्ने निकायको नाम

- माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

२) सूचना सार्वजनिक गरेको अवधि

- तीन महिना अन्तीम त्रैमासिक

३) कार्यालयको स्वरुप र प्रकृति

- साविकका ४ वटा गा.वि.स.हरु अयोध्यापुरी, माडी कल्याणपुर , बघौडा र गर्दीलाई समेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको
- यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमाचितवन राष्ट्रिय निकुञ्जर दक्षिणमा पर्सा जिल्ला र भारत
- भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको र २७ डिग्री २१ मिनेट, १३ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि.
- माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहांका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डव्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्वदन्ती
- यहांका आदीबासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीवासी थारुजातीका बुढापाका, बुद्धिजिवीहरुको कथन रहेको

४) काम कर्तव्य र अधिकार

- सहकारी संस्था व्यवस्थापन
- स्थानीय कर सेवा शुल्क र दस्तुर
- एफ एम् सञ्चालन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याकं संकलन अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना र परियोजना
- आधारभूत र माध्यामिक शिक्षा
- आधारभूत स्वास्थ्य तथा सरसरफाई
- स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामिण सडक कृषि सडक र सिंचाई
- नगर सभा मेलमिलाप तथा मध्यस्तताको व्यवस्थापन
- वेरोजगार तथ्यांक संकलन
- स्थानीय अभिलेख व्यवस्थापन

Scanned with CamScanner

- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपागता भएका व्यक्ति र अशक्तको व्यवस्थापन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी तथा वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थको सरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नगर प्रहरी व्यवस्थापन

**५) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण**

- कुल स्थायी कर्मचारी - २८ जना
- कुल करार कर्मचारी - ७८ जना
- दैनिक ज्यालाकारी - १२ जना
- कुल - ११२ जना

**६) निकायबाट प्रदान गरिने सेवा**

- नागरिक वडापत्र, २०७९/८० अनुसार

**७) निर्णय गर्ने प्रक्रिया र अधिकार**

- नगर सभा - नगर कार्यपालिका - विषयगत समिति - विषयगत शाखा तथा वडा कार्यालय

**८) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- सम्बन्धीत शाखाको शाखा प्रमुख र शाखा प्रमुखबाट समेत चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत
- नगरपालिकाको समग्र विषयवस्तु - नगर प्रमुख
- न्यायिक विषय - नगर उप-प्रमुख

**९) सम्पादन गरेको कामको विवरण**

- यस आ.व.२०७९/८० मा माडी नगरपालिकामा भौतिक निर्माणमा भवनतर्फ विद्यालयका ७ वटा, स्वास्थ्य संस्थाका २ तथा सामुदायिक भवन २ गरि ९ वटा भवन निर्माण गरिएको छ। सडकतर्फ ५.४५ कि.मि. कालोपत्रे सडकको कार्य सम्पन्न भएको छ भने करिब ३४.७ कि.मि. कच्ची सडकमा स्तरीय ग्रावेल गरिएको छ। ५.३८ मि. सडक नाला निर्माण भएको छ। खानेपानीतर्फ २३५ घरधुरीलाई शुद्ध खानेपानीमा पहुच पुगेको छ। १६ वटा सामुदायिक र सास्कृतिक भवन पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति भएको छ। सार्वजनिक शौचालय २ वटा (मिधुवा र बांदरमुढेमा) तथा बिपन्न समुदायको लागि ४० वटा गरि ४२ वटा शौचालय निर्माण भएको छ। १३ वटा कल्भर्ट कजवे निर्माण भएको छ। २ इन्च साना सिचाई बोरिंग ३७० वटा तथा ठुला भूमिगत डिप बोरिंग २५ वटा निर्माण भएको छ। सिंचाई कुलो लाइनिंग २२८७८ मिटर भएको छ। खोला तटबन्धन ७२६ मिटर भएको छ। २१ वटा विद्यालय, ६ वटा आधारभूत सेवा केन्द्रको पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति भएको छ। यस माडी नगरपालिकाको प्रशासनिक भवन तथा कृषि तथा पशु सेवा केन्द्रमा तल्ला थप भएको छ। वडा न १ र ९ मा एकिकृत कृषि तथा पशु सेवा केन्द्र थप गरिएको छ। यस माडी नगरपालिकाको ९ वटा विपन्न

Scanned with CamScanner

सामुदायको लागि आवास निर्माण भएको छ। वडा नं ३ मा रङ्गशाला निर्माणको कार्य सचालनमा रहेको छ । वडा नं. १,३,४,५,६,७,८,९ मा ४४ लाख बराबरको थप सडक पोल बत्ती जडान गरिएको छ। पिपरियामा वाल प्ले स्टेसन निर्माण भएको छ भने बसन्तपुरमा जेष्ठ नागरिक भेटघाट स्थल निर्माण भएको छ।

- शिक्षकको क्षमता अभिवृद्धिको लागि नगरका ५० जना शिक्षकलाइ ICT तालिम प्रदान गरिएको छ। वडास्तरीय, नगरस्तरीय, जिल्लास्तरीय, प्रदेशस्तरीय तथा राष्ट्रियस्तरमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ। माडीका ३१ स्थानमा ४७५ बिघाह सिचाइ क्षेत्रफल विस्तार भएको छ। ३५० भन्दा बढी कृषक, कृषि फर्म, कृषि समूह र कृषि सहकारीलाइ कृषि यन्त्र उपकरण वितरण गरिएको छ। ३ वटा स्थानमा वार्षिक १५० टन क्षमताको व्यवसायिक गड्यौला मल उत्पादन घर र १ स्थानमा एजोला पिट निर्माण भएको छ। बिरामीको सहजताको लागि बघौडा अस्पतालमा क्यु मशिन जडान गरिएको छ। माडी नगरपालिकाले खर्च व्यहोर्ने गरि १७१४ घरधुरीको स्वास्थ्य विमा गरिएको छ।६१० जना बिरामीको निःशुल्क VIDEO X-Ray गरिएको छ तथा नयाँ Delivery Bed Install गरिएको छ। आँखा शिविर, प्रजनन स्वास्थ्य, क्यान्सर तथा मुटु रोग, मेयर उप-मेयर संग स्वास्थ्य शिविर लगायतका शिविरहरु संचालन गरिएको छ। ९० जनालाई विपन्न उपचार आर्थिक अनुदान उपलब्ध गराइएको छ भने ७६ जना विपन्नलाई निःशुल्क उपचारको लागि सिफारिस गरिएको छ। स्नेहन स्वेदन कार्यक्रम अन्तर्गत चितवन जिल्लामै पहिलो पटक सुतेर गरिने सर्वाग स्वेदन सेवाको सुरुवात गरिएको छ भने आयुर्वेदको पहुच नपुगेको वडाहरुमा नागरिक आरोग्य सेवा क्लिनिक संचालन गरिएको छ। यस माडी नगरपालिकामा स्थानीय तहमै पहिलो भेटेरीनरी अस्पताल स्थापना गरिएको छ। स्थानीय तहमा नै पहिलो पटक भेटेरीनरी सेवा तर्फ निःशुल्क भिडीयो एक्स रे सेवा सचालन गरिएको छ भने चितवन जिल्लामा नै सुविधा सम्पन्न मत्स्य ल्याब तथा पानी जाँच सेवा प्रदान गरिएको छ। नगरमा उत्पादनमा आधारित अनुदान दुधमा प्रति लि. रु. ४ का दरले ९८५ किसानलाई अनुदान वितरण गरिएको छ। योजनातर्फ उपभोक्ता समिति मार्फत ३०४ वटा, ठेक्का मार्फत ३ वटा, E-Bidding मार्फत १२ वटा, संस्था मार्फत ४९ वटा, अमानत मार्फत ५५ वटा र कोटेशन मार्फत २१ वटा गरि जम्मा ४४४ वटा योजना सम्झौता भएको छ।

## १०) कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण

- कार्यालय प्रमुखको नाम : शेषकान्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत, ९८५५०५०३०६
- सूचना अधिकारीको नाम : प्रवीण भण्डारी, सूचना प्रविधि अधिकृत, ९८५५०१४०३६

## ११) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण

- नियमावली - ४
- निर्देशिका - ५
- कार्यविधि - ४१
- ऐन - ७

## १२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

यस माडी नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक वित्तीय प्रगतिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ. व. २०७९।८० को लागि कूल अनुमानित आय रु १ अर्ब २८ करोड २१ लाख ६४ हजार ५ सय २७ रूपैयाँ ६१ पैसा अनुमान गरिएकोमा आय तर्फ रु. १ अर्ब २३ लाख ९६ हजार ६ सय रुपैयाँ ६४ पैसा आम्दानी गर्न सफल भएको छ। जुन प्रक्षेपित आम्दानीको ७७ दशमलव ८४ प्रतिशत हुन आउँछ।

व्ययतर्फ चालु शीर्षकमा रु ७४ करोड १५ लाख ५० हजार २ सय १२ रुपैयाँ १८ पैसा विनियोजन भएकोमा रु ६१ करोड ९८ लाख ७८ हजार ७ सय ८२ रुपैयाँ ७१ पैसा अर्थात ८३ दशमलव ५९ प्रतिशत र पुँजिगत तर्फ रु ५४ करोड ६१ लाख ७० हजार ३ सय १४ रुपैयाँ ६३ पैसा विनियोजन भएकोमा ३० करोड ७७ लाख ४६ हजार ४ सय ११ रुपैयाँ ८९ पैसा अर्थात ५६ दशमलव ३५ प्रतिशत गरी कुल खर्च जम्मा रु ७५ करोड २६ लाख ३७ हजार ७ सय ३० रुपैयाँ २६ पैसा रहेको छ जुन ५८ दशमलव ७ प्रतिशत हो । चालु र पुँजीगत दुवै गरी कुल रु.९२ करोड ७६ लाख २५ हजार १ सय ९४ रुपैयाँ ६० पैसा खर्च भएको छ जुन प्रक्षेपित आम्दानीको ७२ दशमलब ०४ प्रतिशत हो ।

**१५) सार्वजनिक निकायको बेभसाईट भए सो को विवरण**

- www.madimunchitwan.gov.np

**१६) सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

- ईमानदार मिडिया प्रा.ली - सूचना उपलब्ध गराइएको

...................
(प्रवीण भण्डारी)
सूचना अधिकारी

...................
(शेपकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८० असार २९ गते शुक्रबार

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल

Scanned with CamScanner